कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/०८३

च.नं.: २९१८

मिति : २०८३/०१/०२

विषय : निर्णय कार्यान्वयन तथा सहजीकरण सम्बन्धमा।

श्री नगरपालिका अन्तरगतका सबै सामुदायिक तथा संस्थागत (गुठी) विद्यालयहरू

कोहलपुर - बाँके।

प्रस्तुत विषयमा आज मिति २०८३/०१/०२ गते नगर प्रमुखज्यू समेतको उपस्थितिमा बसेको प्रधानाध्यापक, शिक्षक महासंघ, क्रिसा लगायत सामुदायिक तथा संस्थागत विद्यालयका पेशागत घटकहरूको संयुक्त बैठकको निर्णय अनुसार शैक्षिक सत्र २०८३ का लागि तपसिल बमोजिम निर्णय भएकाले सोही अनुसार कार्यान्वयन तथा सहजीकरण गर्न गराउनु हुन अनुरोध छ।

तपसिल :

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च. नं. ६७, मिति २०८२/१२/२७ गतेको जारी निर्देशनबारे छलफल गरियो।

२. शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त निर्देशनको पालना गर्दै र यसपछि सघन कार्यतालिका सहितको कार्यक्रम तयार भई जारी भएमा सोही अनुसार नै गर्ने गरी तत्कालका लागि कोहलपुर नगरपालिकाको शैक्षिक सत्र २०८३ को क्यालेण्डरमा व्यवस्था भए बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने।

३. मिति २०८३ वैशाख १५ गतेअघि शैक्षिक सामग्री निर्माण तथा व्यवस्थापन गर्ने गराउने।

४. निशुल्क पाठ्यपुस्तक खरिद तथा वितरण गर्ने गराउने।

५. विद्यालयको वार्षिक कार्यतालिका शैक्षणिक योजना निर्माण गर्ने।

६. विद्यालयको IEMIS मा भएका शिक्षक विवरण भौतिक तथा अन्य प्रशासनिक विवरण अद्यावधिक गर्ने।

७. मिति २०८३ वैशाख ०३ गतेदेखि नियमित भर्ना कार्यक्रम संचालन गर्ने र वैशाख १४ गतेदेखि पठनपाठन सुचारु गर्ने।

८. शिक्षकको पेशागत क्षमता विकासका लागि शिक्षा शाखासँग समन्वय गरी कार्यक्रम संचालन तथा सहजीकरण गर्ने।

९. शनिबार र आइतबार सार्वजनिक बिदा हुने भएकाले शुक्रबार र महिनाको अन्तिम दिनमा पुरै समय पठनपाठनको व्यवस्था मिलाउने।

१०. शैक्षिक सत्र २०८२ का शिक्षकको बिदा अभिलेख अद्यावधिक तथा प्रमाणित गर्ने गराउने।

११. विद्यालय व्यवस्थापन समितिको म्याद समाप्त भएका विद्यालयले वैशाख मसान्त भित्र वि. व्य. स. गठन गर्ने वा पूर्णता दिने र निर्धारित समयभित्र वि. व्य. स. गठन नभएमा अस्थायी विद्यालय व्यवस्थापन समिति गठनका लागि प्रक्रिया अघि बढाइने छ।)

.............................

मानबहादुर गिरी

प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी

प्रमुख प्रशासकिय अधिकृत